Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७४ साउन २६

**महिलामाथि भएको हिंसाको मासिक प्रतिवेदन, जुलाई २०१७**

## पृष्ठभूमि

महिलामाथि हुने हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन । महिलामाथि हुने हरेक प्रकारका हिंसाहरु अपराध हो र यो मानव अधिकारको हनन् हो । त्यसकारण महिलामाथि हुने गरेका सबैखाले हिंसा अन्त्य गर्न र न्यायिक प्रक्रियालाई तत्काल अघि बढाई हिंसामुक्त जीवन जीउने वातावरण सिर्जना गर्न महिला अधिकार सम्बन्धी बनेका विभेदपूर्ण कानुन परिमार्जन तथा कार्यान्वयनको लागि राज्यको ध्यानाकर्षण गराउन ओरेकले मासिक रुपमा महिला हिंसाका घटनाहरु सञ्चार माध्यम मर्फत सार्वजनिक गर्दै आएको छ ।

## विषयवस्तु

ओरेक नेपाललमा जुलाइ महिनामा जम्मा १४२ महिला हिंसाका घटनाहरु दर्ता भएका छन् जसमध्ये ३९ वटा घटनाहरु विभिन्न दैनिक राष्ट्रिय पत्रपत्रिकाहरुबाट संकलन गरिएको छ ।







माथिको तथ्याङ्कको आधारमा हेर्दा जुलाई महिनामा पनि महिलाहरु घरेलु हिंसाबाट नै बढी प्रभावित भएको देखिएको छ । जसमा ४१% महिलाहरुमाथि शारीरिक हिंसा र २०% महिलाहरुमाथि मानसिक हिंसा भएको पाइएको छ । दर्ता भएका ५८ शारीरिक हिंसाका घटनाहरु मध्ये १०% महिलाहरु दाइजोको कारणले गर्दा शारीरिक यातनामा परेका छन्, १०% महिलाहरु बहुविवाहका कारण, ५% महिलाहरु बोक्सिको आरोपमा कुटपीट सहन बाध्य छन् र अन्य शारीरिक हिंसाका घटनाहरुमा श्रीमानबाट मदिरा सेवन गर्ने, श्रीमतीलाई चरित्रहत्याको आरोप लगाई कुटपीट गरेका घटनाहरु बढी दर्ता भएको पाइएको छ । यसैगरी २०% महिलाहरु दाइजो, बोक्सीको आरोप, बहुविवाह तथा चरित्रहत्याको कारणले मानसिक हिंसाबाट प्रभावित

भएका छन् । यसैगरी जुलाइ महिनामा दर्ता भएका हिंसाका घटनाहरुमा **१३%** महिलाहरुमाथि बलात्कार, **५%** महिलाहरुमाथि सामुहिक बलात्कार, **५%** महिलाहरुमाथि बलात्कारको प्रयास, **८%** महिलाहरुको हत्या, **३%** महिलाहरुमाथि हत्याको प्रयास, **२%** महिलाहरुमाथि यौन दुर्व्यवहार, र **५%**महिलाहरुमाथि अन्य प्रकारका (एसिड आक्रमण, साइवर अपराध र मानव वेचविखन) हिंसाबाट प्रभावित भएको पाइएको छ । हिंसा प्रभावित महिलाहरुमध्ये **४६%** श्रीमान्बाट, **२२%** छिमेकीबाट, **१७%** परिवारका सदस्यहरुबाट, **६%** साथीहरुबाट र **६%** शिक्षकबाट र **३%** कुनै पनि संवन्ध नभएको व्यक्तिबाट हिंसा भएको पाइएको छ ।

**निष्कर्ष**

विद्यमान फितलो कानुनी व्यवस्थाको कारणले गर्दा विभिन्न किसिमका हिंसाका घटनाहरुमा दोषीहरुले उन्मुक्ति पाइरहेको अवस्थामा भर्खरैमात्र आएको फौजदारी संहितामा महिलाले पाइरहेको अधिकारलाई यथावत राख्दै सामाजिक परम्पराका नाउँमा भोग्दै आएको छाउपडी, बहुबिबाह लगाएत अन्य सामाजिक कुसंस्कारहरुलाई समेत दण्डित गर्न ल्याएको कानुनलाई सकारात्मक रुपमा लिन सकिन्छ । फौजदारी संहिता पारित भए संगै अव आउने दिनहरुमा न्यायलयले प्रभावकारी ढंगले कार्यान्ययनमा ल्याउनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।



.............................

अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक



............................

अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक